# सामुदायिक र संस्थागत विद्यालयका माध्यमिक तहका विद्यार्थीहरुको उपलब्धिको तुलनात्मक अध्ययन

शिक्षाशास्त्र सङ्काय स्नातकोत्तर तह द्वितीय वर्ष पाठ्यक्रम तथा मूल्याङ्कन विशिष्टिकरण विषयको आंशिक आवश्यकता परिपुर्तिको लागि प्रस्तुत

शोधपत्र

प्रस्तुतकर्ता

कोपीला भट्टराई

परीक्षा रोल. नं. : २८०१३५/२०६८

त्रि.वि. दर्ता नं. : ९-१-१-९१३-२००४

त्रिभुवन विश्वविद्यालय शिक्षा शास्त्र केन्द्रिय विभाग

पाठ्यक्रम तथा मूल्याङ्कन विभाग

कीर्तिपुर, काठमांडौ

२०७०

**त्रिभुवन विश्वविद्यालय शिक्षाशास्त्र संकाय**

**पाठ्यक्रम तथा मूल्याङ्कन**

**केन्द्रीय विभाग**

**कीर्तिपुर,**

## सिफारिस पत्र

त्रिभुवन विश्वविद्यालय शिक्षाशास्त्र संकाय पाठ्यक्रम तथा मूल्याङ्कन केन्द्रीय विभाग, अन्तर्गत स्नातकोत्तर तह दोस्रो वर्ष पाठ्यक्रम तथा मूल्याङ्कन विशिष्टिकरण विषय अन्तर्गत (Ed.CE 598) को शोध पत्र लेखनका लागि छात्रा कोपीला भट्टराईले मेरो प्रत्यक्ष निर्देशनमा रही तयार पार्नुभएको **"सामुदायिक र संस्थागत विद्यालयका माध्यमिक तहका विद्यार्थीहरुको उपलब्धिको तुलनात्मक अध्ययन"** शीर्षकको प्रयोगात्मक शोध पत्र मूल्याङ्कन गरी सिफारिस गरिएको छ ।

मिति :- २८/०३/२०१४

................................

शोध निर्देशक

शिवराज बढू

**त्रिभुवन विश्वविद्यालय शिक्षाशास्त्र संकाय**

**पाठ्यक्रम तथा मूल्याङ्कन**

**केन्द्रीय विभाग**

**कीर्तिपुर,**

## स्वीकृति पत्र

त्रिभुवन विश्वविद्यालय शिक्षाशास्त्र संकाय पाठ्यक्रम तथा मूल्याङ्कन केन्द्रीय विभाग, स्नातकोत्तर तह दोस्रो वर्ष अन्तर्गत (Ed.CE 598) को प्रयोगात्मक शोध पत्र लेखनका लागि कोपीला भट्टराईले **"सामुदायिक र संस्थागत विद्यालयका माध्यमिक तहका विद्यार्थीहरुको उपलब्धिको तुलनात्मक अध्ययन"** शीर्षकमा तयार गर्नु भएको शोध पत्र मूल्याङ्कन समितिबाट स्वीकृत गरिएको छ ।

| **मूल्याङ्कन समिति** | **हस्ताक्षर** |
|---|---|
| १. प्रा.स्वयंप्रकाश ज.ब.रा.<br>(विभागीय प्रमुख) | ................................ |
| २. शिवराज बढू<br>(शोध निर्देशक) | ................................ |
| ३. प्रा. कुल नरसिंह श्रेष्ठ<br>(बाह्य सुपरिवेक्षक) | ................................ |

मिती : ०६/०४/२०१४

## कृतज्ञताज्ञापन

त्रिभुवन विश्वविद्यालय शिक्षा शास्त्र संकायले स्नातकोत्तर तहका विधार्थीलाई सैद्धान्तिक ज्ञानका साथै प्रयोगात्मक ज्ञान, सीप प्रदान गरी दक्ष बनाउन एम.एड. दोस्रो वर्षको पाठ्यांशमा शोधपत्र समावेश गरेको छ ।

यस शोध पत्र लेखन कार्यका लागि प्रस्तावना तयार गर्दा देखि नै महत्वपूर्ण सहयोग, हौसला र प्रेरणा प्रदान गर्नुहुने साथीहरु कल्पना, सरोज, लेलिन कुमार दहाल प्रति हार्दिक आभार प्रकट गर्दछु । साथै यस प्रस्तावना तयार गर्दा आफ्नो अमुल्य सुझाव, सहयोग र मार्गनिर्देशन प्रदान गर्नुहुने शोध निर्देशक शिवराज बढू प्रति हार्दिक आभार प्रकट गर्दछु । त्यसै गरी यस विभागमा अध्यापनरत गुरुवर्ग प्रति पनि उहाँहरुको अमुल्य सुझावका लागि हार्दिक धन्यवाद  दिन चहान्छु । यसका लागि तथ्याङ्क संङ्कलनका क्रममा अमूल्य तथ्याङ्क उपलब्ध गराउनाको साथै सूचनादाताका बारेमा महत्वपूर्ण जानकारी दिइ सहयोग पुऱ्याउनु भएका सम्पूर्ण विद्यालयका प्रधानाध्यापकज्यू प्रति हार्दिक कृतज्ञता ज्ञापन गर्दछु । साथै मलाई सूचना प्रदान गरी सहयोग गर्नुहुने सम्पूर्ण शिक्षक, अभिभावक, विधार्थी लगायत सम्पूर्णलाई हार्दिक धन्यवाद प्रदान गर्दछु ।

अन्त्यमा मलाई यस शोध पत्र तयार गर्न हर समय सहयोग पुऱ्याउनु भएकोमा मेरो श्रीमान अरविन सापकोटा, आमा लक्ष्मीदेवि भट्टराई र भाई गिरीजा भट्टराई प्रति हार्दिक आभार प्रकट गर्दै कम्प्युटर प्रिन्टमा सहयोग पुऱ्याउने दाई रमेश महर्जन प्रति पनि सहयोगका लागि धन्यवाद ज्ञापन गर्न चहान्छु ।

कोपीला भट्टराई

## सोधसार

प्रस्तुत अध्ययन "सामुदायिक र संस्थागत विद्यालयका माध्यमिमक तहका विद्यार्थीहरुको उपलब्धिको तुलनात्मक अध्ययन" शीर्षक अर्न्तगत इलाम जिल्ला अर्न्तगत जमुना गाउँ विकास समिति र इलाम नगरपालिकालाई अध्ययन क्षेत्र छनोट गरी उक्त क्षेत्रमा संचालित २ वटा सामुदायिक र २ वटा संस्थागत विद्यालयलाई नमूनाको रुपमा छनोट गरिएको थियो ।

विगत पाँच वर्षदेखि खस्किदो अवस्थामा रहेको माध्यमिक तहको एसएससी परीक्षाको उपलब्धि र विद्यार्थीको विद्यालय छोड्ने र विदेशिने क्रमलाई समेत दृष्टिगत गर्दा माध्यमिक तहको उपलब्धि विश्लेषणको आवश्यकता देखिइएको छ । माध्यमिक तहसम्म निशुल्क शिक्षा प्रदान गर्ने प्रावधान नेपाल सरकारले लिइसकेको अवस्थामा सामुदायिक विद्यालयको माध्यमिक तहको उपलब्धि संस्थागत विद्यालयको तुलनामा कम देखिदा विद्यार्थी एवं अभिभावकले आफ्ना छोराछोरी संस्थागत विद्यालयमा पढाउन जोड दिन थालेको अवस्था सृजना भएको छ । जसले सामुदायिक विद्यालयको भूमिका, लगानी र औचित्यमा प्रश्न चिन्ह खडा भएको परिदृश्य हाम्रा सामु रहेको छ ।

यसै परिवेशमा यस अध्ययनलाई 'सामुदायिक र संस्थागत विद्यालयको माध्यमिक तहको उपलब्धि तुलनात्मक अध्ययन' शीर्षक अर्न्तगत चारवटा उद्देश्य राखि अगाडी बढाइएको थियो । उद्देश्यहरुमा पहिलो उद्देश्य सामुदायिक र संस्थागत विद्यालयका माध्यमिक तहको औसत उपलब्धि पहिचान गर्ने, दोस्रो सामुदायिक र संस्थाथत विद्यालयको विद्यार्थीको विषयगत उपलब्धि विश्लेषण गर्ने, दोस्रो विद्यार्थीको उपलब्धिमा प्रभाव पार्ने विद्यालयीय तत्वहरु पत्ता लगाउनु र चौथो विद्यार्थीको उपलब्धि बढाउने उपायहरु पहिचान गर्नु थियो ।

यस अध्ययनको उल्लेखित उद्देश्य अनुसार  अध्ययन क्षेत्रका सामुदायिक र संस्थागत विद्यालयबाट वि.सं. २०६९ सालको एसएलसी परीक्षामा नियमित तर्फबाट सामेल भएका विद्यार्थीको उपलब्धिलाई अध्ययन गरिएको थियो । उपलब्धि अध्ययनका क्रममा ति विद्यार्थीको कक्षा नौ को वार्षिक परीक्षा र एसएलसी परीक्षालाई आधार मानिएको थियो । जसका लागि विद्यार्थीको अभिलेख अध्ययन फारम प्रयोग गरीएको थियो । साथै अन्तर्वार्ता निर्देशिका, टेलिफोन सम्पर्क, डायरी टिपोट लगायत दस्तावेज अध्ययनको समेत प्रयोग गरि उद्देश्य पूरा गरिएको थियो । अध्ययनबाट प्राप्त सुचनालाई सङ्गठित गरी आवश्यकता अनुसार तथ्याङ्क शास्त्रीय एवं वर्णनात्मक विधिद्वारा विश्लेषण र व्याख्या गरिएको थियो ।

यस अध्ययनमा पाइएको जानकारी अनुसार सामुदायिक विद्यालयमा कक्षा नौ मा मूल्याङ्कन प्रक्रिया प्रयोगको अवस्था कमजोर पाइयो । यहाँ वार्षिक परीक्षालाई मात्र मूल्याङ्कनको साधन बनाइएको पाइयो । जहाँ कक्षा नौ को औसत उपलब्धि ३४.६० प्रतिशत मात्र प्राप्त भएको पाइन्छ । तिनै विद्यार्थीको

एसएलसी परीक्षाको उपलब्धि ४२.५८ प्रतिशत प्राप्त गरेका छन् । जुन उपलब्धि प्रयोगात्मक र सैद्धान्तिक दुवै परीक्षाको हो भने कक्षा नौ को सैद्धान्तिक परीक्षाको उपलब्धि मात्र हो ।

त्यसैगरी संस्थागत विद्यालय तर्फ विद्यार्थीको कक्षा नौ को औसत उपलधि ५५.३० प्रतिशत र तिनै विद्यार्थीको एसएलसी परीक्षाको औसत उपलब्धि ६२.१८ प्रतिशत प्राप्त भएको पाइयो । यी विद्यालयमा कक्षा नौ मा पनि प्रयोगात्मक र सैद्धान्तिक दुवै परीक्षा सञ्चालन भएका र एसएलसीमा पनि दुवै भएकाले उपलब्धिमा वृद्धि भएको देखियो ।

सामुदायिक र संस्थागत विद्यालयको एसएलसी परीक्षा एउटै प्रश्नपत्र, एउटै पाठ्यक्रम, एउटै अंकन प्रक्रियामका एवं एउटै परीक्षा सञ्चालन प्रक्रिया रहँदा पनि उपलब्धिको तुलना गर्दा सामुदायिक विद्यालयको उपलब्धि भन्दा संस्थागत विद्यालयको उपलब्धि उल्लेख्य (१९.६ प्रतिशत) रुपले बढी देखियो ।

सामुदायिक विद्यालयमा गणित विषयमा एसएलसी परीक्षामा समेत औसत प्राप्ताङ्क न्यूनतम उत्तिर्णाङ्क ३२ प्रतिशत भन्दा कम १६.९० प्रतिशत मात्र प्राप्त भएको पाइयो ।

प्रयोगात्मक परीक्षा तर्फको औसत उपलब्धि हेर्दा सामुदायिक र संस्थागत विद्यालयको उपलब्धि समान पाइन्छ । तापनि अंग्रेजी विषयको प्रयोगात्मक परीक्षा नियन्त्रित हुने र विषय शिक्षकको पूर्वाग्रह नरहने हुँदा दुवै विदालयको उपलिब्धि अरु विषयको तुलनामा कम पाइयो ।

माध्यमिक तहका विद्यार्थीको उपलब्धिमा प्रभाव पार्ने विद्यालयीय तत्वका बारेमा अध्ययनबाट प्राप्त भए अनुसार विद्यालयको भौतिक पूर्वाधार, शिक्षक व्यवस्थापन, विद्यार्थी मूल्याङ्कन प्रक्रिया, शिक्षण प्रक्रिया, विद्यालयमा अभिभावकहरुको सहभागिता, अतिरिक्त क्रियाकलाप विद्यार्थीको उपस्थिति दर आदि मुख्य जिम्मेवार तत्व रहेको पाइयो । साथै विद्यार्थीको उपलब्धिलाई सुधार गर्नका लागि सामुदायिक विद्यालयले विद्यार्थी नियमितताका लागि भौतिक पूर्वाधारमा सुधार विषयगत शिक्षक व्यवस्थापन, प्राविधिक विषयमा जोड, शिक्षण प्रक्रिया र मूल्याङ्कन प्रक्रियामा सुधार, शिक्षकहरु पेशा प्रति जवाफदेहि बन्ने जस्ता कार्यकलाप गर्नुपर्ने पाइयो । साथै यस्ता विद्यालयले विशेषगरी अभिभावकको विद्यालयमा अभिभावकको सहभागीता बढाउन जोड दिनुपर्ने पाइयो । संस्थागत विदालयले पनि विद्यार्थीको चाप अनुसार भौतिक पूर्वाधारमा सुधार गर्ने, निरन्तर मूल्याङ्कनलाई अझ जोड दिने, शिक्षकको जिम्मेवारी पूरा गर्ने कार्यलाई निरन्तरता दिने, अभिभावकसँगको सम्बन्ध अझ सुदृढ गराउनुपर्ने जस्ता उपायहरु अपनाउन सके उपलब्धि वृद्धि हुने पाइयो ।

# विषयसूची


| | |
|---|---|
| | **पेज नं.** |
| सिफारिस पत्र | i |
| स्विकृति पत्र | ii |
| कृतज्ञताज्ञापन | iii |
| शोधशार | iv |
| विषयसूची | vi |
| तालिका सुची | viii |
| संक्षिप्त शब्दावलीहरु | ix |
| **परिच्छेद एक : परिचय** | **१–८** |
| १.१ पृष्ठभूमि | १ |
| १.२ समस्याको कथन | ५ |
| १.३ अध्ययनको उद्देश्य | ६ |
| १.४ अध्ययनको महत्व | ७ |
| १.५. अध्ययनको सिमाङ्कन | ७ |
| १.६ शब्दावलीको परिभाषा | ८ |
| **परिच्छेद दुई : साहित्यको पुनारावलोकन** | **९–१४** |
| २.१ अध्ययनको सैद्धान्तिक आधार | ९ |
| २.२ पुर्व अध्ययनहरुको समीक्षा | ११ |
| २.३ अवधारणात्मक ढाँचा | १४ |
| **परिच्छेद तीन : अध्ययन विधि** | **१५–१८** |
| ३.१ अनुसन्धान ढाँचा | १५ |
| ३.२ अध्ययनको जनसङख्या | १५ |
| ३.३ नमुना छनौट | १५ |
| ३.३.१ अध्ययन क्षेत्रको छनोट | १६ |
| ३.३.२ सूचनादाताको छनोट | १६ |
| ३.४ अध्ययनका साधनहरुको निर्माण | १६ |
| ३.४.१ विद्यालय सर्वेक्षण फाराम | १६ |
| ३.४.२ अन्तर्वार्ता निर्देशिका | १७ |
| ३.५ अनुसन्धानका साधनको वैधता निर्धारण | १७ |
| ३.६ सूचना संकलन प्रक्रिया | १७ |
| ३.७ सूचना विश्लेषण प्रक्रिया | १८ |

**परिच्छेद चार : सूचनाको विश्लेषण र व्याख्या** १९-३५

४.१ सामुदायिक र संस्थागत विद्यालयको माध्यमिक तहमा विद्यार्थीको औसत उपलब्धि १९

४.२ सामुदायिक र संस्थागत विद्यालयको माध्यमिक तहमा विद्यार्थीको विषयगत औसत उपलब्धि २१

४.३ सामुदायिक र संस्थागत विद्यालयका माध्यमिक तहका विद्यार्थीको उपलब्धिमा प्रभाव पार्ने विद्यालयीय तत्वहरु २५

४.३.१ विद्यालयको भौतिक पूर्वाधार २५

४.३.२ शिक्षणसँग सम्बन्धित तत्व २७

४.३.३ मूल्याङ्कन प्रक्रिया २८

४.३.४ शिक्षक व्यवस्थापन ३०

४.३.५ विद्यालयमा अभिभावकको सहभागिता ३१

४.४ सामुदायिक र संस्थागत विद्यालयको माध्यमिक तहका विद्यार्थीको उपलब्धि बढाउने उपायहरु ३३

**परिच्छेद पाँच : प्राप्ति, निष्कर्ष र सुझाव** ३६-३८

५.१ प्राप्ति ३६

५.२ निष्कर्ष ३७

५.३ सुझाव ३९

**सन्दर्भग्रन्थसूचि** ४०-४१

**अनुसूचीहरु** ४२-७२

अनुसूचि १ : नमुना विद्यालयहरुको नामावली ४२

अनुसूची २ : विद्यायका प्रधानाध्यापकहरुको नामावली ४३

अनुसूचि ३ : विद्यालय सर्वेक्षण फाराम ४४

अनुसूचि ४ : विषयगत उपलब्धि विवरण फाराम ४५

अनुसूचि ५ : प्रधानाध्यापकका लागि प्रश्नावली ४६

अनुसूचि ६ : अन्तर्वार्ता निर्देशिका ४९

अनुसूचि ७ : सामुदायिक विद्यालयको विद्यार्थीको उपलब्धि विवरण र त्यसको औसत ५०

अनुसूचि ८ : संस्थागत विद्यालयका विद्यार्थीको उपलब्धि विवरण र त्यसको औसत ५८

्अनुसुचि ९ : सामुदायिक विद्यालयका एस.एल.सी. परीक्षाको अनिवार्य विषयमा प्रयोगात्मक तर्फको उपलब्धि विवरण ६४

अनुसूची १० : संस्थागत विद्यालयको एस.एल.सी. परीक्षाको अनिवार्य विषयहरुको प्रयोगात्मक तर्फको उपलब्धि विवरण ६८

अनुसूची ११ : शिक्षकहरुको नामावली र योग्यता ७१

# तालिकाहरुको सूचि

**पेज नं.**


तालिका १.१ : साधारण माध्यमिक विधालयको माध्यमिक तहको पाठ्यक्रम ढाँचा ३

तालिका १.२ : एस. एल. सी परीक्षामा उर्तिण विधार्थी विवरण ४

तालिका २.१ : विधार्थीको औसत उपलब्धिको तुलनात्मक तालिका ११

तालिका २.२ : कक्षा १० का मुख्य विषयहरुमा राष्ट्रिय उपलब्धिको स्तर १२

तालिका २.३ : एस.एल.सी ल्याकत परिक्षा र एस.एल.सी परीक्षाको औसत प्राप्ताङ्क र त्यसको भिन्नता १३

तालिका ४.१ : सामुदायिक र संस्थागत विद्यालयको माध्यमिक तहमा विद्यार्थीको औसत उपलब्धि विवरण २०

तालिका ४.२ : सामुदायिक र संस्थागत विद्यालयको एस.एल.सी. परीक्षाको अनिवार्य विषयको विषयगत औसत उपलब्धि विवरण (प्रतिशतमा) २१

तालिका ४.३ : अनिवार्य विषयमा प्रयोगात्मक परीक्षाको उपलब्धि विवरण २२

तालिका ४.४ : ऐच्छिक विषयहरुको प्रयोगात्मक परीक्षा तर्फको औसत उपलब्धि विवरण २३

तालिका ४.५ : सामुदायिक र संस्थागत विद्यालयका माध्यमिक तहका विद्यार्थीको अनिवार्य विषयको उपलब्धि विवरण २४

## संक्षिप्त शब्दावलीहरु

**ऐच्छिक प्रथम पत्र**

**रा.शि.प.यो:** राष्ट्रिय शिक्षा पद्धतिको योजना

**प्र.अ:** प्रधानाध्यापक

**मा.वि.:** माध्यमिक विधालय

**वि.व्य.स.**: विद्यालय व्यवस्थापन समिति

BPEP: Basic Primary Education Project

EDSC: Educational and Developmental Service Center

CERID: Research Center for Educaional Innovation and Development